# कर्मचारी आवश्यकता

**महिला सहयात्रा माइक्रोफाइनान्स वित्तीय संस्था लि.** नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको वित्तीय कारोबार गर्न इजाजत प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था हो । आ.व २०७४/७५को स्वीकृत दरवन्दी अनुसार शाखा विस्तार गर्ने क्रममा र हाल भएका शाखाहरुमा पदपूर्ति गर्नाको लागि निम्न बमोजिमका कर्मचारीहरुको आवश्यकता भएको हुँदा तपसिल बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरीकलाई तल उल्लेखित ठेगानामा दरखास्त आह्वान गरिन्छ । व्यक्तिगत विवरण (CV), हालसालै खिचेको पासपोर्ट साईजको फोटो, नागरिकता, लब्धाङ्क प्रमाणपत्र सहितको शैक्षिक योग्यता, अनुभवको प्रमाणपत्रको प्रतिलिपी र दरखास्त संलग्न गरी सूचना प्रकाशन भएको मिति २०७४/०३/२५बाट १५दिन भित्र रितपूर्वकको दरखास्त आह्वान गरिन्छ । प्राप्त दरखास्तहरुबाट छनौट सूचि (Short List) मा परेका उम्मेद्वारहरुलाई मात्र परीक्षाको लागि जानकारी गराईनेछ । सेवा शर्त तथा सुविधा संस्थाको नियम अनुसार हुनेछ ।

यस वित्तीय संस्थाको हितलाई ध्यानमा राखी प्राप्त निवेदनहरु मध्ये सबै वा केहीलाई कारण खोली वा नखोली स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थामा रहनेछ ।

**पद :सहायक कार्यकारी प्रमुख संख्या - १, उमेर : ४५ वर्ष पूरा भई ५० बर्ष ननाघेको,**
**आवश्यक योग्यता** : मान्यता प्राप्त शैक्षिक सस्थाबाट स्नातकोत्तर वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा लघुवित्तीय संस्थामा निरन्तररुपमा १५ देखि २० वर्ष सम्म बिभिन्न तहमा रही योजना/संचालन/ अनुगमन र आन्तरिक लेखापरीक्षण विभाग वा आन्तरिक लेखापरीक्षण विभाग प्रमुखको हैसियतमा काम गरिसकेका तथा हाल संस्थाको लघुवित्त कार्यक्रम संचालन तथा व्यवस्थापनको साथै कम्पनी सचिवको समेत जिम्मेवारी वहन गरी सहायक कार्यकारी प्रमुख पदमा काम गरिरहेका उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।

**पद :अधिकृत संख्या - २ उमेर : २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको,**
**आवश्यक योग्यता :** मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक उत्तीर्ण गरी लघुवित्त वित्तीय संस्थामा कम्तीमा कनिष्ठ अधिकृत स्तरको शाखा प्रबन्धक वा इलाका कार्यालयमा कनिष्ठ अधिकृत पदमा रही लघुवित्त कार्यक्रम संचालन तथा व्यवस्थापन र आन्तरिक लेखापरीक्षण वा कार्यक्रम निरीक्षण सम्बन्धी कम्तीमा ५ वर्षसम्म कार्य अनुभव भई योजना, संचालन, अनुगमन र निरीक्षण विभाग वा आन्तरिक लेखापरीक्षण विभागमा रही कार्य गर्न इच्छुक भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ । साथै, उम्मेदवारको पद निर्धारण शैक्षिक योग्यता र कार्य अनुभवको आधारमा तय हुनेछ ।

**पदः शाखा कार्यालय प्रमुख - केहि, उमेर : २१ वर्ष पूरा भई ४० बर्ष ननाघेको,**
**आवश्यक योग्यता** : मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातक उत्तीर्ण गरी लघुवित्त वित्तीय संस्थामा काम गरिरहेका वा प्रविणता प्रमाणपत्र तहको परीक्षा उत्तीर्ण गरी लघुवित्त वित्तीय संस्थामा वित्तीय संस्थामा लघुवित्त, लघुकर्जा सेवा प्रवाह, कार्यक्रम व्यवस्थापन तथा विस्तारमा कम्तीमा ३ वर्षको कार्य अनुभव भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ । साथै, उम्मेदवारको पद कनिष्ठ अधिकृत वा सुपरभाईजर मध्ये कुनै एक पद निर्धारण शैक्षिक योग्यता र कार्य अनुभवको आधारमा तय हुनेछ ।

**पदः फिल्ड सहायक - केहि ,उमेर : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको,**
**आवश्यक योग्यता** : एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण भएको कृषिमा र जे.टि.ए. गरेको उम्मेदवारलाई प्राथमिकता दिइनेछ ।

**दरखास्त पठाउने ठेगाना** : महिला सहयात्रा माइक्रोफाइनान्स वित्तीय संस्था लि. केन्द्रीय कार्यालय चित्लाङ्ग मकवानपुर वा vacancysahayatra@gmail.com मार्फत दरखास्त पठाउन सकिनेछ । आफ्नो आवेदनमा सम्बन्धीत पद र सम्पर्क ठेगाना, फोन वा ईमेल अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

**पदपुर्ति समिति**
**महिला सहयात्रा माइक्रोफाइनान्स वित्तीय संस्था लि.**
**चित्लाङ ९, मकवानपुर**